नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**केन्द्रीय पञ्जिकरण विभाग**

पत्र संख्या: २०७१/७२
चलानी नम्बर: ६६६

फो.न. ०१४२००२९२
फ्याक्स न.०१४२४८२
मिति: २०७१।११।१४

विषय : अधिकार प्रत्यायोजन सम्वन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय,
७५ वटै, सबै महानगरपालिका र उपमहानगरपालिकाहरु ।

प्रस्तुत विषयमा केन्द्रीय पन्जीकरण विभागको मिति २०७१।११।१४ गते जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता सम्वन्धि विवरण सच्चाउने सम्वन्धमा रजिष्ट्रार (महानिर्देशक) मा रहेको निम्नानुसारको अधिकार सुशासन (व्यवस्था तथा संचालन) ऐन, २०६४ को दफा २२ बमोजिम प्रत्यायोजन गर्ने गरि निर्णय भएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

१) गा.वि.स. एव नगरपालिकाका स्थानीय पन्जिकाधिकारीवाट दर्ता भएका जन्म,मृत्यु तथा अन्य व्यक्तिगत घटनाको दर्ता प्रमाणपत्रको विवरण नियमानुसार सच्याउने अधिकार सम्वन्धीत जिल्लाका स्थानीय विकास अधिकारीलाई प्रत्यायोजन गर्ने,

२) उपमहानगरपालिका एवं महानगरपालिका स्थानीय पन्जिकाधिकारीवाट दर्ता भएका जन्म, मृत्यु, तथा अन्य व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको विवरण नियमानुसार सच्याउने अधिकार सम्वन्धित कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्ने,

०७१।११।१४

............................
(शंकर नेपाल)
निर्देशक